स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

मिति: २०७८/१०/१८

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
मा. मन्त्रीज्युको सचिवालय
दर्ता नं. ६४६
मिति: २०७८।१०।१८

मानननीय मन्त्री पम्फा भुसालज्यू,
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
सिंहदरवार, काठमाडौं


**President**
Mr. Krishna Pd. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**Secretary General**
Er. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain


**बिषय : कोभिड–१९ महामारीका कारण सिर्जित समस्याहरु समाधान गरी दिन ।**

माननीय मन्त्रीज्यू,

उपरोक्त सम्बन्धमा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) को मिति २०७७/०१/१६ गतेको निवेदनका आधारमा विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा कोभिड–१९ को पहिलो लहरको कारणले पारेको प्रभावहरु अध्ययन गरी निराकरणका लागि संभावित उपायहरुसहितको प्रतिवेदन पेश गर्न तत्कालीन विकास सहायता तथा प्रादेशिक महाशाखा प्रमुख श्री मधु प्रसाद भेटुवालको संयोजकत्वमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७७/०५/२२ गतेको माननीय मन्त्रिस्तरीय निर्णयबाट समिति गठन गरिएको थियो । उक्त समितिबाट तत्कालीन समयमा कोभिडको पहिलो लहरको असरलाई मात्र आंकलन गरिएको थियो । कोभिड कहिलेसम्म फैलन्छ र यसको असर कहिलेसम्म रहन्छ भन्ने कुरा पूर्वअंनुमान गर्न नसकिएको परिप्रेक्ष्यमा ईप्पानले राखेका मागहरु समितिबाट पूर्णरुपमा सम्बोधन गरिएको थिएन । समितिले सिफारिस गरेको प्रतिवेदनमा फेरि पनि जलविद्युत क्षेत्रलाई सहयोग गर्नु पर्छ भन्ने आकलन अनुसार 'हाललाई' भन्ने शब्द राखिएको छ ।

अहिलेसम्म कोभिडको तेस्रो लहर आइसकेकों र अझै कहिलेसम्म जारी रहन्छ भन्ने अनुमान गर्न सकिएको छैन । कोभिडको पहिलो, दोस्रो र तेस्रो लहरका कारण विदेशी दक्ष प्राविधिकहरु आउन नसकेको अवस्था छ भने कामदारहरुको अभाव खड्किएको छ । त्यस्तै निर्माण सामाग्रीको समेत अभावले समग्रमा निर्माणाधीन आयोजनाहरु गम्भीररुपले प्रभावित बनेका छन् र समयमा निर्माण सम्पन्न हुन सकेका छैनन । यो परिस्थितिले अर्बौंको आय गुमेको छ भने बैंकको ब्याजले निर्माण लागत बढाएको छ । कोभिड तेस्रों लहरसम्म आइपुग्दा विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा ब्यापक असर गरेकोले विद्युत उत्पादनको सर्भेक्षण अनुमति लिएका र निर्माणाधीन आयोजनाहरुलाई तपसिल अनुसारको ब्यवस्था गरिदिन हुन माननीय मन्त्रीज्यूसमक्ष अनुरोध छ :

तपसिल

१. मौजुदा अवस्थामा विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको अध्ययन अवधी ५ बर्ष छ । कोभिडका कारण अध्ययन कार्य सम्पन्न गर्न नसकिएकाले यसअघि अध्ययन अवधी १ बर्ष थप गरिएको थियो । तर कोभिडको दोस्रो र तेस्रो लहरका कारण थप गरिएको एक बर्षमा पनि उक्त कार्य गर्न सम्भव नभएकाले अध्ययन अबधि दुई बर्ष थप गरिदिन हुन,

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np

**President**
Mr. Krishna Pd. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**Secretary General**
Er. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

२. कार्यदलको सिफारिस अनुसार माननीय ऊर्जा मन्त्रीस्तरीय निर्णय भई कार्यान्वयन नभएको विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्रको बार्षिक नवीकरण दस्तुरमा ७५% छुट सहमतिको लागि अर्थमन्त्रालयमा पुनः सिफारिस गरी आवश्यक पहल गरिदिनु हुन,

३. कोभिड-१९ को दोस्रो र तेस्रो लहरको कारण निर्माणाधीन आयोजना सम्पन्न गर्न र विद्युत खरिद बिक्री सम्पन्न भएका आयोजनाको वित्तीय व्यवस्थापन गर्न समस्या भएकाले विद्युत उत्पादन गर्ने समय र वित्तीय व्यवस्थापन गर्ने समयावधि यसअघि थप गरिएको एक वर्षमा पुनः एक बर्ष थप गरी दुई बर्ष गरिदिनु हुन,

४. अध्ययन कार्य सम्पन्न गरी विद्युत खरिद-बिक्री सम्झौताका लागि आवेदन गरेका आयोजनाहरुको विगत ३ बर्षदेखि नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद-बिक्री सम्झौता गरिरहेको छैन । आवेदन गरेका आयोजनाहरुमध्ये सर्भेक्षण अनुमतिपत्र भएका आयोजनाहरुले बार्षिक अनुमतिपत्र दस्तुर र उत्पादन अनुमतिपत्र भएका आयोजनाहरुले बार्षिक आय प्राप्त हुने समयावधी गुमाईरहेकाले यथाशीघ्र विद्युत खरिद-बिक्री सम्झौताको पहल गरिदिनु हुन,

५. विद्यमान आयकर छुटको व्यवस्था अनुसार विद्युत उत्पादन भएपछि १० बर्ष पूरै छुट र ५ बर्ष आधा छुट रहेकोमा कोभिड-१९ को कारण निर्माणाधीन आयोजनाहरुलाई असर गरेकाले आयकर छुटको अवधी १२ बर्ष पुरै छुट र ७ बर्ष आधा छुटको व्यवस्था गरिदिनु हुन,

माथि उल्लेखित हाम्रा मागहरु मन्त्रीज्यूबाट यथाशीघ्र सम्बोधन भएमा कोभिड-१९ का कारण जलबिद्युतका क्षेत्रमा सिर्जित समस्याहरुको समाधान भई यो क्षेत्रमा ठूलो राहत हुने ब्यहोरा माननीय मन्त्रीज्यूसमक्ष सदर अनुरोध गर्दछु ।

धन्यबाद ।

कृष्ण प्रसाद आचार्य
अध्यक्ष

Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np